प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
कलैया, बारा

फोन नं.:०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
ईमेल: dado.bara@yahoo.com
वेबसाईट:- https://bara.akc.gov.np

प.सं.:- २०७८/७९
च.नं.:-

मिति :- २०७८।०५।०२

## कृषि यन्त्र उपकरणमा अनुदानको लागि निवेदन आव्हान सम्बन्धि सुचना

(प्रथम पटक प्रकाशित मिति २०७८।०५।०२)

यस कृषि ज्ञान केन्द्र, बारा बाट चालू आ.ब. २०७८/७९ मा संचालन हुने कृषि यन्त्र उपकरणमा अनुदान) स्वोचालित /ट्र्याक्टर ट्याचमेन्टस /बिउ प्रशोधन सहित( कार्यक्रमका लागि योग्य इच्छुक सेवाग्राहीहरुले यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र (२०७८ भाद्र ३१ गते सम्म) यस कार्यालयमा आवश्यक कागजात सहित निवेदन दिनु हुन यो सुचना प्रकाशन गरिएको छ।

तपशिल

| क.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत | लक्षित सेवाग्राही |
|---|---|---|---|
| १ | कृषकहरुलाई ट्र्याक्टर एटयाचमेन्टस कृषि यन्त्र (धान थ्रेसर) उपकरणमा अनुदान | ५० | ट्रयाकटर भएको कृषक/कृषि समूह/ कृषि सहकारी/ कृषि उधमी |
| २ | कृषकहरुलाई स्वचालित कृषि यन्त्र ( पावरटिलर र धान काटने मेशीन - रिपर) उपकरणमा अनुदान | ५० | कृषक/कृषि समूह/ कृषि सहकारी/ कृषि उधमी |
| ३ | बिउ प्रशोधन यन्त्र | ५० | बीउ व्यवसायी/कम्पनी/सहकारी |

### आवश्यक कागजातहरु

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु १० को टिकट टाँस गरि निवेदन दिनु पर्नेछ।
२. कृषक समूह, कृषि सहकारीको हकमा दर्ता प्रमाण पत्रको प्रतिलीपी,आ.ब.२०७७/७८ को कर चुक्ता प्रमाण पत्र, समूह तथा सहकारीको PAN दर्ता प्रमाण पत्र, सम्बन्धित समूह/सहकारीको कार्यक्रम माँग सम्बन्धि निर्णय पेश गर्नुपर्नेछ।
३. कृषक समूह तथा सहकारीको हकमा प्रकृयाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीको अख्तियारी पत्र तथा नागरिकताको प्रमाणपत्रको प्रतिलीपी पेश गर्नुपर्नेछ।
४. कृषक समूह तथा सहकारीको हकमा कम्तिमा १० विग्घाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी तथा कृषकको हकमा कम्तिमा ३ विग्घा जग्गा भएको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी
५. कृषि उधमीको हकमा उधमी प्रमाण पत्र र नागरिकताको प्रतिलीपी, आ.ब. २०७७/७८ को कर चुक्ता प्रमाण पत्र, तथा कम्तिमा १० विग्घा जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी।
६. ट्रयाक्टर द्धारा संचालीत यन्त्र उपकरणको हकमा सम्बन्धित निवेदकले ट्रयाक्टरको आफनो नाममा भएको सवारी दर्ता प्रमाण पत्र पेश गर्नुपर्ने छ।
७. कृषकको हकमा नागरिकताको प्रमाण पत्रको प्रतिलिपी।
८. बिउ प्रशोधन यन्त्रको हकमा बीउ व्यवसायी/कम्पनी/सहकारी दर्ता प्रमाण पत्र, PAN दर्ता प्रमाण पत्र , सहकारीको हकमा कार्यक्रम माँग सम्बन्धी निर्णय , बीउबिजन बिक्रेता प्रमाण पत्र , र प्रोप्राईटर तथा अध्यक्षको नागरीकता प्रमाण पत्रको प्रतिलिपि ।